**नेपाली / *NEPALI***

लागि: सबै *UW–Madison* कर्मचारीहरू

बाट: कुलपति Jennifer L. Mnookin

शैक्षिक मामिलाका अन्तरिम प्रोभोस्ट र उपकुलपति John Zumbrunnen

अर्थ र प्रशासनका उपकुलपति Robert Cramer

विश्वविद्यालय सम्बन्धका उपकुलपति Craig Thompson

विषय: राज्यको बजेट प्रक्रियामा अपडेट

मिति: जुलाई ३, २०२५

आदरणीय क्याम्पस सहकर्मीहरू,

यस बिहानी, विस्कन्सिन राज्यका विधानसभाले २०२५-२७ सालको राज्यको द्विवार्षिक बजेट पास गऱ्यो र यसलाई गभर्नर Evers ले हस्ताक्षर गर्नुभएर कानून बनाउनुभयो। बजेटमा *UW–Madison* परिचालन र निर्माण कार्यक्रमलाई प्रभाव पार्ने धेरै सामग्री समावेश छन्।

पहिलो कुरा, राज्यका धेरै कोष प्राथमिकताहरू हुँदा हुँदै, हामी साँच्चै नै गभर्नर Evers र विधानसभाका अगुवाहरूप्रति आभारी छौं कि *UW–Madison* सहित *Universities of Wisconsin* का लागि लागि थप राज्य स्रोतसाधनहरू समावेश गर्ने द्विदलीय बजेट पारित गरे। यस बजेटले उच्च शिक्षामा अर्थपूर्ण द्विदलीय लगानी गर्दछ र साझा हितको लागि सम्झौता गर्ने महत्त्वलाई हामीले बुझेका छौं। राज्यको लागि $३० बिलियन डलरको आर्थिक इन्जिनको रूपमा हाम्रो भूमिका र विस्कन्सिनका भविष्यका अगुवा र कार्यबललाई शिक्षित गर्न सहयोग गर्ने महत्त्वपूर्ण भूमिकाको यो स्वीकृतिको पनि कदर गर्दछौं। तर प्रशिक्षक कार्यभार र ट्रान्सफर क्रेडिट र कार्यपद स्तरहरू वरिपरि थप अपेक्षाहरूसँग सम्बन्धित केही चिन्ताजनक नयाँ वैधानिक आवश्यकताहरू देखिएका छन्।

**मुख्य कोष लगानी क्षेत्रहरू**

यस बजेटमा यी कुराहरू समावेश छन्:

- ऐतिहासिक विज्ञान हलको महत्त्वपूर्ण मर्मतसम्भार, साथै *Chadbourne* र *DeJope* मा हाम्रा भोजन कक्षहरू विस्तार गर्न कोष सहित प्रमुख परियोजनाहरूमा अगाडि बढ्ने क्षमता। यद्यपि, हामी निराश छौं कि पूँजीगत बजेटमा धेरै आवश्यक आवास हलमा अगाडि बढ्ने क्षमता समावेश छैन, जुन पूर्ण रूपमा विश्वविद्यालय स्रोतहरूबाट लगानी हुने थियो।

- *Humanities* भवन भत्काउन र स्थानान्तरण गर्न कोष योजना। $७० मिलियन डलर भन्दा बढी मर्मत खर्चको साथसाथै, यस भवनले अब विद्यार्थीहरू वा क्याम्पसको आवश्यकताहरू पूरा गर्न सक्दैन। बजेट बिलमा *Humanities* भवनमा रहेका विभागहरूको स्थानान्तरणको लागि योजना कोषमा धेरै मिलियन डलर समावेश गरेकोमा हामी आभारी छौं।
- *UW–Madison* का कर्मचारीहरू सहित सबै राज्य कर्मचारीहरूको लागि ३% र २% को दरले तलब वृद्धि।
- उच्च माग भएका अध्ययन क्षेत्रहरूमा संकायलाई आकर्षित गर्न वार्षिक $२७ मिलियन डलर।
- *Undergraduate* विद्यार्थीहरूलाई प्रदान गरिएका कक्षा क्रेडिटको कुल सङ्ख्याको अनुपातमा *UW* क्याम्पसहरूको लागि वार्षिक रूपमा $११.२५ मिलियन थप राजस्व।

**बदलका क्षेत्रहरू**

**शिक्षक कार्यभारको आवश्यकता**

बजेटमा संकाय र पढाउने शैक्षिक कर्मचारीहरूको कार्यभारको लागि वैधानिक आवश्यकताहरू पनि समावेश छन्। हाम्रा संकाय र कर्मचारीहरूले उत्कृष्ट शिक्षा मार्फत मात्र नभई विश्वस्तरीय अनुसन्धान र प्रभावकारी आउटरिच मार्फत पनि विस्कन्सिन राज्यलाई सेवा प्रदान गरेकोमा हामी अत्यन्तै गर्व गर्दछौं। सबै हाम्रो उद्देश्य र हाम्रो सफलताको लागि आधारभूत छन्। यी तीनवटै कुराहरूले हामीलाई विश्वस्तरीय विश्वविद्यालय बनाउँदछ, जसले गएको १७६ वर्षदेखि विस्कन्सिनको महान राज्यमा गर्वका साथ सेवा र योगदान पुर्‍याएको छ।

बजेटले *Regent* हरूलाई डिसेम्बर १ तारिखसम्ममा रोजगार सम्बन्ध सम्बन्धी संयुक्त समिति (*JCOER*) मा स्वीकृतिको लागि थप शिक्षा कार्यभार मार्गदर्शनहरू पेश गर्न आह्वान गर्दछ। हामी *Regent* बोर्डसँग मिलेर एक उचित र विचारशील नीति विकास गर्नेछौं जसले संकाय र शैक्षिक कर्मचारीहरूले गरेको अमूल्य योगदानलाई ध्यानमा राख्नेछ, जसले हामी सबैभन्दा प्रतिभाशाली, प्रभावकारी र उत्पादक अनुसन्धानकर्ता र शिक्षकहरूको लागि प्रतिस्पर्धी बजारमा काम गर्दछौं भनेर मान्यता दिन्छ। हाम्रो निरन्तर उत्कृष्टताको लागि, *Regent* हरू र *JCOER* ले हाम्रो उद्देश्यमा शिक्षा, अनुसन्धान र आउटरिचको महत्त्वलाई पहिचान गर्ने र सम्भव भएसम्म हामीलाई बलियो संकाय र शैक्षिक कर्मचारीहरू भर्ती गर्न र कायम राख्न साथ दिने नीति तयार पार्ने र अनुमोदन गर्ने कुरा अनिवार्य हुनेछ।

*Universities of Wisconsin* प्रणालीले यस क्षेत्रमा कामको नेतृत्व गर्नेछन् भने, अन्तरिम प्रोभोस्ट John Zumbrunnen यस कानूनको प्रभाव बुझ्न र *UW* प्रणाली र *JCOER* लाई प्रदान गर्ने सिफारिसहरूलाई आकार दिन साझा प्रशासन सहित, संकाय र शैक्षिक कर्मचारीहरूका प्रतिनिधिहरू सहित, *UW–Madison* सल्लाहकार समिति गठन गर्नेछन्। समितिको काम अगाडि बढ्दै जाने क्रममा हामी थप अपडेटहरू साझा गर्नेछौं।

**ट्रान्सफर क्रेडिटहरू**

बजेटमा सेप्टेम्बर १, २०२६ सम्ममा *Board of Regents* ले आफ्नो ट्रान्सफर क्रेडिट नीतिमा मुख्य सामान्य शैक्षिक पाठ्यक्रमहरूको लागि सबै क्रेडिटहरू *UW* क्याम्पसहरू बीच ट्रान्सफर गर्न योग्य हुने र प्राप्त गर्ने संस्थाहरूमा सामान्य शिक्षा आवश्यकताहरू पूरा गर्ने भनि सुनिश्चित गर्ने प्रावधान पनि समावेश छ। यस नीति विकसित हुँदै गर्ने क्रममा प्रणाली नेतृत्व क्याम्पस र संकायसँग काम गर्न प्रतिबद्ध छ र हामी सम्भावित ट्रान्सफर गर्ने विद्यार्थीहरूलाई अझ स्पष्टता प्रदान गर्ने अवसरको स्वागत गर्दछौं।

**कार्यपद सीमा**

बजेटमा विद्यमान प्रणालीव्यापी कार्यपद सीमा अनिश्चित कालसम्म बढाउने प्रावधान पनि समावेश छ। यस सीमा डिसेम्बर २०२६ मा समाप्त हुने तय गरिएको थियो। संघीय स्तरमा हालको अनिश्चित आर्थिक वातावरणलाई ध्यानमा राख्दै, भर्ना सीमित गर्ने र केही खाली कार्यपदहरू हटाउने कुरा क्याम्पस बजेटको वास्तविकता भएको छ र हामी आगामी वर्षहरूमा अझ बढी प्रशासनिक दक्षतातर्फ पनि काम गर्नेछौं। त्यसलाई ध्यानमा राख्दै, यस सीमा बढाउन हालको लागि मिलाउन सकिन्छ; त्यहिपनि, यस प्रतिबन्धको कुनै अन्तिम मिति नहुनु चिन्ताजनक छ।

अन्त्यमा, हामी हाम्रो राज्य सम्बन्ध टोलीलाई वहाँहरूको अथक वकालत प्रयासहरूको लागि र हामीलाई यो बिन्दुमा पुग्न सहयोग गर्न वहाँहरूले गर्नुभएको उत्कृष्ट काम प्रति धेरै आभारी छौं। उपलब्ध हुने बित्तिकै हामी थप जानकारी साझा गर्नेछौं।